# Novavax COVID-19 खोप: तपाईंलाई थाहा हुनुपर्ने कुराहरू

Vaccinate WA
CovidVaccineWA.org

## Novavax खोप भनेको के हो?

Food and Drug Administration (FDA, खाद्य तथा औषधि प्रशासक) द्वारा स्वीकृत COVID-19 खोप Novavax हाल अमेरिकामा उपलब्ध COVID-19 खोपहरू भन्दा फरक छ। Novavax एउटा प्रोटिन सबयुनिट खोप हो जसमा उही, लामो समय प्रयोग गरिएको, HPV, हे    पाटाइटिस बी र फ्लु जस्ता व्यापक रूपमा प्रयोग गरिएका अन्य खोपहरूमा प्रयोग भएको प्रविधि प्रयोग गरिएको छ। Novavax 21 दिनको फरकमा 2-डोजमा लगाइने खोप हो, जुन 12 वर्ष र सोभन्दा बढी उमेरका व्यक्तिहरूका लागि उपलब्ध छ।

## Novavax परम्परागत प्रोटिन सबयुनिट खोप हो।

प्रत्येक स्वीकृति प्राप्त खोपले हाम्रो शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई COVID-19 भाइरसको पहिचान गर्न र त्यसलाई आक्रमण गर्न मद्दत गर्नमा काम गर्दछ भने, Novavax ले पुरानो, अझ चिरपरिचित प्रविधि प्रयोग गर्दछ।



- प्रोटिन सबयुनिट COVID-19 खोपहरूमा COVID-19 रोग निम्त्याउने भाइरसका टुक्राहरू (प्रोटिनहरू) हुन्छन्।
- तिनमा रोग प्रतिरोधात्मक क्षमतालाई भाइरसप्रति प्रतिक्रिया जनाउन र तपाईंलाई भविष्यमा सुरक्षा गर्नमा मद्दत गर्न फ्याट र सुगर लगायत अन्य थप सामग्री पनि समावेश गरिएको हुन्छ।
- तिनमा mRNA हुँदैन

## Novavax का साइड इफेक्टहरू न्यूनतम हुने प्रमाणित भइरहेको छ। ।

Novavax का अस्थायी साइड इफेक्टहरू अन्य COVID-19 खोपहरूमा देखिने निश्चित साइड इफेक्टहरू जस्तै नै हुन्छन्। सुई लगाएको स्थानमा दुखाइ/कोमलता, रातोपना र सुन्निने, साथै मांशपेशी दुख्ने, टाउको दुख्ने, जोर्नी दुख्ने, वाकवाकी/बान्ता आउने र ज्वरो आउने। प्रोटिन सबयुनिट COVID-19 खोपहरूले COVID-19 वा अन्य रोगहरू निम्त्याउन सक्दैनन्।

## डाटाले के देखाउँछ?

2021 को वसन्त याममा सञ्चालित चिकित्सकीय परीक्षणहरूले Novavax खोप COVID-19 सङ्क्रमण रोकथाममा 90% र COVID-19 सँग सम्बन्धित मृत्यु हुनबाट रोक्नमा 100% प्रभावकारी रहेको देखाए।

हाल सञ्चालन भइरहेका परीक्षणहरू अनुसार BA.5 लगायतका सबै COVID-19 भेरियन्टहरू विरुद्ध सय खोपको तात्कालिक व्यापक प्रतिरोधात्मक प्रतिक्रिया हुने मानिएको छ। Novavax जस्ता सबयुनिट खोपहरूले जीवित भाइरस प्रयोग गर्दैनन् र हाम्रो वंशाणुमा परिवर्तन ल्याउन वा प्रभाव पार्न सक्दैनन्। हामीले Novavax को बारेमा निम्न जानकारी पनि पाएका छौं:



- 2021 देखि क्यानाडा लगायत अन्य थुप्रै देशहरूमा प्रभावकारी रूपमा प्रयोग गरिएको छ
- अन्य खोपहरूमा प्रयोग गरिने एलर्जीजन्य सामग्रीहरू समावेश गरिएको छैन
- फ्लु, HPV, हेपाटाइटिस बी र सिङ्गल्स जस्ता लोकप्रिय खोपहरूमा प्रयोग गरिने उही परिचित प्रविधि प्रयोग गरिएको छ

Novavax का लागि FDA Emergency Use Authorization (EUA, आपत्कालीन प्रयोगको अनुमति) प्रक्रिया पूरा गरिएको छ र विशेष गरी mRNA खोपहरू को विकल्प खोज्ने व्यक्तिहरूका लागि एक मान्य विकल्प हो।

भविष्यमा, मानिसहरूका अन्य समूहहरूलाई थप खुराकहरू सिफारिस गर्न सकिन्छ।

## अझै पनि खोप लगाउनु नै उत्कृष्ट विकल्प हो।

COVID-19 रहिरहँदा, खोपका थप विकल्पहरू उपलब्ध भएका छन् खोप लगाउनु नै उत्तम विकल्प हो भन्ने सम्झनु महत्वपूर्ण हुन्छ। खोपको ब्रान्ड जुनसुकैभए पनि, तपाईंका लागि खोप लगाउनु नै COVID-19 र यसका प्रभावहरूबाट बच्ने उत्कृष्ट उपाय हो। तपाईंका लागि कुन विकल्प उत्कृष्ट छ भन्ने बारेमा आफ्नो प्रदायकसँग कुरा गर्नुहोस्

Washington State Department of Health

DOH 825-052 August 2022 Nepali

यस कागजातलाई अर्को ढाँचामा अनुरोध गर्न, 1-800-525-0127 मा फोन गर्नुहोस् कान नसुन्ने वा श्रवण शक्ति कमजोर भएका ग्राहकहरूले, कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् civil.rights@doh.wa.gov मा इमेल पठाउनुहोस्